# देवानगञ्ज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## देवानगञ्ज, सुनसरी
## १ नं प्रदेश, नेपाल

## करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशित मिति:-२०७८/०४/२५)**

उपरोक्त सम्बन्धमा यस देवानगञ्ज गाउँपालिका अन्तर्गत कोरोना भाईरस (कोभिड -१९) संक्रमण भएका व्यक्तिहरुको लागि उपचार सेवा प्रदान गर्न अस्थायी कोभिड अस्पताल सञ्चालन गर्नका लागि स्वास्थ्य सेवाको देहाय बमोजिमको पद/तह र संख्यामा कर्मचारी नियुक्ति गर्नु पर्ने भएको हुँदा आवश्यक योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन गरिएको मितिले १५ (पन्ध्र) दिन भित्र राजस्व तिरेको सक्कल रसिद सहित दरखास्त आवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद/तह | सेवा | समूह | माग संख्या | न्युनतम शैक्षिक योग्यता | परिक्षा किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | १/०७८/०७९/ स्वास्थ्य | मेडिकल अधिकृत (आठौ तह) | स्वास्थ्य | ज.हे.स. | १ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा MBBS उतीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको हुनु पर्ने छ । | लिखित र अन्तरवार्ता |

१) **दरखास्त दिने स्थान** : देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, देवानगञ्ज-२, सुनसरी ।

२) **दरखास्तमा संलग्न गर्नुपर्ने** : उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, चारित्रिक प्रमाण पत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपालको कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्ने छ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरि प्रमाणित गर्नु पर्नेछ । साथै ३ प्रति पासपोर्ट आकारको फोटो ।

३) **दरखास्त दस्तुर बुझाउने स्थान** : देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, देवानगञ्ज-२, सुनसरी को आन्तरिक राजस्व खाता NIC Asia बैंक, देवानगञ्ज शाखाको खाता नं.२४३२०५००२६४५५००७ मा बुझाई सो को सक्कलै रसिद दरखास्त साथ पेश गर्नु पर्नेछ । साथै यस गा.पा. कार्यालयको ईमेल आई.डि. dewanganjmun@gmail.com मा बुझ्ने गरि स्क्यान गरि दरखास्त सहित आवश्यक कागजात पेश गर्न सक्नु हुनेछ ।

४) **दरखास्त फारम** : देवानगञ्ज गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा वा देवानगञ्ज गाउँ कार्यपालिकाको कार्यालयको वेबसाइट www.dewanganjmun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

५) **दरखास्त दिने अन्तिम मिति**:२०७८/०५/०७ गते सम्म, सो दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय समय सम्म ।

६) **दरखास्त दस्तुर** : मेडिकल अधिकृत (आठौ तह) - रु. १,०००/- (अक्षरेपी एक हजार रुपैया मात्र)

७) **उमेद्वारको उमेरहद** : २१ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने । अन्य प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको हुनुपर्ने छ ।

८) **तलब सुविधा** :सम्बन्धित तहलाई नेपाल सरकारले तोकेको शुरु स्केल बरावरको रकम मासिक रुपमा तलव स्वरुप भुक्तानी गरिने छ ।

९) **काम गर्नुपर्ने स्थान र अवधि** : देवानगञ्ज गाउँपालिका अन्तर्गत स्थापित कोभिड-१९ अस्थायी अस्पतालमा यस सूचना बमोजिम नियुक्ति हुने कर्मचारीहरुको कार्य-अवधी ६ (छ) महिनाको हुने र आवश्यक्ता अनुसार म्याद थप हुन सक्ने छ ।

१०) **सम्पर्क मिति** : २०७८/०५/०९

११) **परिक्षाको मिति** : सम्पर्क मितिको दिन तोकिने छ ।

**सम्पर्क** : Email Id dewanganjmun@gmail.com ,Website: www.dewanganjmun.gov.np

२०७८/४/२५

चुडामणि गुरागाई
प्रमुख प्रशासकीय अधिकृत

चुडामणि गुरागाई
प्रमुख प्रशासकीय अधिकृत